" समृद्ध बाह्रदशीको आधार,कृषि,शिक्षा,स्वास्थ्य र पूर्वाधार "

# बाह्रदशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा
कोशी प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धी सूचना

**सूचना नं.:- २८/०८१-०८२, मिति २०८१/०८/२८**

बाह्रदशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा रिक्त रहेका तपसिलका पदहरुमा प्रचलित कानून बमोजिम खुला प्रतिस्पर्धाद्वारा कर्मचारी सेवा करारमा पदपुर्ती गर्नुपर्ने भएकोले तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र राजस्व बुझाई सोको रसिद सहित तोकिएको ढाँचामा यस गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा उपस्थित भई वा अनलाईन मार्फत दरखास्त आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल:-**

| क्र.सं. | विज्ञापन नं. | विज्ञापनको किसिम | पद | तह | माग पद संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | ०४/२०८१-८२ | खुल्ला | रोजगार संयोजक | अधिकृतस्तर छैटौं | १ (एक) | १२००।०० |
| २. | ०५/२०८१-८२ | खुल्ला | एम आई एस अपरेटर | सहायकस्तर पाचौं | १ (एक) | ५००।०० |

क. **परीक्षा किसिम:-** लिखित/कम्प्यूटर सीप परिक्षण र अन्तर्वार्ता

ख. **परीक्षा मिति:-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशनको बखत मिति तोकिने छ।

ग. **परीक्षा केन्द्र:-** बाह्रदशी गाउँकार्यपालिकाको कार्यालय, चकचकी झापा।

घ. **दरखास्त दस्तुर बुझाउने विधि र स्थान:** गाउँपालिकाको कार्यालयमा उपस्थित भई वा कुनै पनि बैङ्कमार्फत SuTRA बाट सृर्जित भौचरबाट गाउँपालिकाको देहायको विवरणको आन्तरिक राजस्व खाता वा स्थानीय तह राजश्व पोर्टल मार्फत अनलाईन भुक्तानी गर्न सकिनेछ।

राजस्व खाताको विवरण

कार्यालय कोड:८०११२५०५००१
राजस्व शिर्षक: १४२२४
राजस्व शिर्षकको नाम:परीक्षा शुल्क
बैंक खाता नं:०८३००८७०५००००११३
खाताको नाम:आन्तरिक राजस्व खाता
खाता रहेको बैंक: माछापुच्छ्रे बैंक

ङ. **दरखास्त दस्तुर बुझाउने अवधि:-** दरखास्त दिन पाउने अन्तिम मिति सम्म।(उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन)

च. **दरखास्त दिने अन्तिम मिति:** मिति २०८१।०९।१२ गते कार्यालय समय भित्र र दोब्बर दस्तुर तिरी मिति २०८१।०९।१६ गते सम्म।

छ. **उम्मेद्वारको उमेरको हद:-** रोजगार संयोजकको हकमा दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको,महिलाको हकमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको र एम आई एस अपरेटरको हकमा दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको,महिलाको हकमा १८ वर्ष पुरा भई ४० ननाघेको ।

२०८१।०८।२८

जनार्दन निरौला
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

ज. तलब/पारिश्रमिक:- प्रचलित नियम बमोजिम हुनेछ।

झ. आवश्यक न्यूनतम योग्यता

१. रोजगार संयोजक पदको लागि

क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,

ख. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको।

ग. नैतिक पतन देखिने गरि फौजदारी अभियोगबाट अदालतबाट कसूरदार नठहरिएको।

२. MIS अपरेटर पदको लागि

क.नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा +२ उत्तीर्ण वा सो सरहको शैक्षिक उपाधि हासिल गरेको।

ख.मान्यता प्राप्त संस्थाबाट न्युनतम छ महिनाको कम्प्युटर सम्बन्धि आधारभुत तालिम लिएको।

ग. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको।

घ. नैतिक पतन देखिने गरि फौजदारी अभियोगबाट अदालतबाट कसूरदार नठहरिएको।

ञ. **दरखास्त फाराम पाइने स्थान:-** बाहदशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, चकचकी झापा वा कार्यालयको वेवसाईट www. bahradashimun.gov.np मा गई रोजगार संयोजक पदको लागि रोजगार संयोजक पदको दरखास्त फाराम र MIS अपरेटर पदको लागि MIS अपरेटरको दरखास्त फाराम डाउनलोड गर्न सकिनेछ।

ट. **दरखास्त फाराम बुझाउने स्थान:** बाहदशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, चकचकी, झापा।

ठ. **दरखास्त फारामसाथ पेश गर्नु पर्ने कागजातहरु:-** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरु (१) आफूले दरखास्त दिन चाहेको पद विज्ञापन नं. खुलाई दिएको निवेदन, (२) तोकिएको आवेदन फाराममा विवरण भरी फोटो समेत टाँस गरी १(एक) प्रति, (३) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (४) तोकिएको न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि, (५) कार्य अनुभवन खुल्ने कागजातहरु।

ड. **विस्तृत जानकारीको लागि:-** सम्पर्क नं. ९८५२६६५५८८

द्रष्टव्य

(क) कार्यालयद्धारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(ख) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक भनी उल्लेख गरिएका कागजातहरुको सक्कल प्रतिका साथै प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(ग) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

(घ) पाठ्यक्रम तथा अन्य व्यवस्था: रोजगार संयोजकको पदपूर्ति र सेवा सम्बन्धी मापदण्ड २०७६ दफा ९(५) बमोझिम हुनेछ। MIS अपरेटर पदको लागि लोकसेवा आयोगले रा.प.अनं. प्रथम श्रेणी(नायब सुब्बा) वा सो सरहको पदको प्रथम चरणको प्रारम्भिक परीक्षाका लागि हाल लागु गरेको पाठ्यक्रम तथा बाहदशी गाउँपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि,२०८०मा आधारित हुनेछ।

.................................

जनार्दन निरौला

प्रमुख प्रशासकीय अधिकृत

जनार्दन निरौला

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner